जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ००७ | २०८२ साल भदौ ०४ गते बुधवार | Wednesday-20-August-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## निजगढ नगरपालिकामा ईन्धन मै अनियमितता, महालेखा परीक्षकको कार्यालय उठायो औंला

*शु.आ. सम्बाददाता*
*कलैया , ०३ भाद्र*




बारा निजगढ नगरपालिकाको नगरप्रमुखमा सुरथ पुरी सहित निर्वाचित उपप्रमुख, वडा अध्यक्षहरु ईन्धनको कुपन आफ्नो पुर्ख्यौली सम्पत्ति जस्तै बाडेका छन् । नगरप्रमुख पुरी लगायत नगरपालिकाको जनप्रतिनिधिहरु नगरपालिकाबाट ईन्धनको कुपन व्यक्ति विशेष सँगै प्राईभेट सवारी साधनहरुको बाढेको रहस्य बाहिर आएको छ ।

निजगढको जनप्रतिनिधिहरुले एउटै ईन्धनको कुपनमा ६ सय ६० लिटर , ६ सय ४० लिटर , पाँच सय ४५ लिटर , पाँच सय लिटर सम्म बाढेकोले अनियमितता भएको महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिबेदनमा औंला उठाएको छ ।

प्रतिबेदनमा एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७६ ( चौथौ संशोधन) को खर्च संकेत २२२११मा इन्धन पदाधिकारी र २२२१२ मा इन्धन कार्यालय प्रयोजन रहेको छ । खर्च संकेत २२२११ मा पदाधिकारीका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्ट समावेश गरिन्छ भने खर्च संकेत २२२१२ मा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टसको खर्च समावेश गरिन्छ ।

तर निजगढ नगरपालिकाले आर्थिक बर्ष २०८०/०८१ मा इन्धन कार्यालय प्रयोजनको लागि रु ६८ लाख ५० हजार बजेट विनियोजन गरेकोमा रु ६८ लाख ३३ हजार २२४ खर्च गरेको छ भने इन्धन पदाधिकारीमा कुनै पनि बजेट व्यवस्था गरेको थिएनन् । ईन्धन पदाधिकारीहरुमा ब्यवस्था नभएपनि जनप्रतिनिधिहरु वार्षिक बजेट व्यवस्थापन गर्दा पालिका तर्फ रु ६० लाख व्यवस्थापन भएकोमा रु ६० लाख खर्च भएको उल्लेख गरेको छ । नगरपालिका अन्तर्गत १३ वटा वडा रहेकोमा वार्षिक कार्यक्रम तथा वजेटमा वडा नं. ३, ८, ९ र १३ को लागि २/२ लाख र वडा नं. १२ को लागि ५० हजार बजेट व्यवस्थापन गरी सोही परिमाणमा समेत खर्च गरेको छ ।

नगरप्रमुख पुरीले वडा कार्यालयहरुलाई

बाँकी तेश्रो पृष्ठमा

## कोल्हबीका केही पत्रकार मालामाल कोही पत्रकारिता गर्दा गर्दै डुबे, बेइमान र इमान्दारीताको खेल

*कलैया, ०३ भाद्र*




कोल्हबीका केही स्थानिय संचारमाध्यमहरु मालामाल भएको छ । कोल्हबी नगरपालिकाबाट बिभिन्न कार्यक्रमका लागि पचाउन नसक्ने सम्मको बजेट लिएर केहि संस्थाहरु मालामाल भएका छन् ।

महालेखापरिक्षकको कार्यालयले प्रस्तुत गरेका आर्थिक बर्ष २०८०/०८१ को प्रतिवेदनका अनुसार सुचना प्रणाली तथा सफ्टवेयर खर्च शिर्षकमा एक सँचारगृहलाई भुक्तानी गरेको भनि अनियमितता भएको ठहर गरेको छ। त्यस्तै कोल्हबी मै संचालित अर्का सँचारगृह नाममा २०७६/७७ को आर्थिक प्रतिवेदनले सम्झौता बेगर नै बिल पेश गरी भुक्तानी लिएको भन्दै करिब पाँच लाख पचास हजार भुक्तनी दिईएको थियो।भने सम्झौता भएको तर प्रशारणको प्रमाणहरु नपुगेका कारण बेरुजु देखाइएको थियो । २०७८ पौष २७ गते आगामी बर्षको भुक्तानी गर्नु पर्ने रहेको भन्दै तिन लाख रुपैया समेत देखाईएको थियो । त्यस्तै २०७९ कार्तिक २ गते मसलन्द तथा कार्यालय सामग्री शिर्षकमा छपन्न हजार ६ सय ३० रुपैयाको भुक्तानीलाई पनि महालेखापरिक्षकको कार्यालयले अनियमितता भएको ठहर गरेको छ । उक्त सँचारगृह नगरपालिकाको पनि शेयर लगानी रहेको रहस्य बाहिरिएको छ ।भने उक्त सँचारगृहको अडिट रिपोर्ट, कर चुक्ता र साधारणसभा समेत गरिएको छैन ।

अर्का सँचारगृहको कहानी पनि त्यस्तै रहेको छ । उक्त सँचारगृहलाई पनि २०७८ माघ ९ गतेको बिवरणमा भुक्तानी गर्न बाँकी रहेको तिन लाख रुपैया देखाइएको थियो। २०७९ साउन महिना २२ गतेको प्रतिवेदन अनुसार उक्त सँचारगृहले बिबरण पेश नै नगरी तिन लाख ७५ हजार भुक्तानी लिएको देखाइएको छ । सार्वजनिक सुनुवाई कार्यक्रम पनि त्यही संस्थालाई दिइएको थियो तर सो कार्यक्रमको प्रचार प्रसार ब्यापक रुपले नहुँदा जनमानस कार्यक्रमा पुग्न नसकेको र ब्यबस्थित पनि नभएको जनताको गुनासो रहेको थियो ।

समग्र रुपमा हेर्दा यस नगरपालिकामा रहेका संचारकर्मीहरु मध्य मालामाल भएका संचार माध्यमहरुमा ति संस्थाहरु पर्छन । लामो समय देखि पत्रकारिता गरिरहेका पुराना र अनुभवी पत्रकार जियालाल चौधरीलाई त्यस्ता अबैधानिक कार्यमा नलागेका कारण पत्रकारीता पेशाबाट उनको त्यती कमाई भएको देखिदैन । पत्रकार बुधन चौधरीले आफ्नो घर परिवारलाई बढि समय दिनु पर्ने बाध्यता रहेको र पालिकाले बिचौलियाहरुको कारणले गर्दा कुनै कार्यक्रम तथा सेवा सुविधा उपलब्ध नगराउँदा उनले पनि आर्थिक लाभ लिन पाएको छैन ।

कोल्हबीबाट नै संचालनमा रहेका चेरवन्त खबरका संचालक नविन चौधरीको स्थिति पनि त्यस्तै रहेको पाइएको छ । जनतालाई समाजिक घटना र गतिविधि सुचित गराउने उदेश्य बोकेका सो पत्रिकाको संचालक चौधरीको आर्थिक स्थिति एकदमै

बाँकी तेश्रो पृष्ठमा

फोन नं.:98550364125, 9855048899
Email :pmamp.piu.bara@gmail.com
वेभसाइट:piubara.pmamp.gov.np

नेपाल सरकार
कृषितथापशुपन्छीविकास मन्त्रालय
### राष्ट्रियकृषिआधुनिकीकरणकार्यक्रम
कार्यक्रमकार्यान्वयनएकाइ, बारा
(कार्यक्षेत्र:बारा र पर्सा)

**न्यूनतम समर्थन मूल्यमाधानखरिदकालागि सहकारी संस्थासूचिकृत हुने सम्बन्धी सूचना!**
**सूचनाप्रकाशितमिति : २०८२/०५/०४**

राष्ट्रियकृषिआधुनिकीकरणकार्यक्रम, कार्यक्रमकार्यान्वयनएकाइ, बारा अन्तर्गतको कार्यक्षेत्र बारा र पर्सा जिल्लामा"**न्यूनतम समर्थन मूल्यमाधानखरिद र व्यवस्थापनगर्ने सम्बन्धीनिर्देशिका-२०७७"** को बमोजिमधानखरिद गर्न इच्छुक सहकारी संस्थाहरुले तपसिलबमोजिमकाकागजाततथाविवरणहरु सहित सूचनाप्रकाशनभएको मितिले १५ (पन्ध) दिनभित्रअर्थात २०८२/०५/१८ गते सम्मकार्यालय समय भित्रकार्यक्रमकार्यान्वयनएकाइबारामा सुचिकृत गर्नुहुन यो सूचनाप्रकाशनगरिएको छ ।

**सुचीदर्ता गर्दा पेश गर्नुपर्ने कागजाततथाविवरणहरु :**

१. सुचिदर्ता गरिपाउँभनीरु. १०।- को टिकटटाँस गरेको निवेदन ।
२. सहकारी संस्थादर्ता प्रमाणपत्रको प्रतिलिपी र संस्थाको स्थायी लेखा नं दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व. २०८०/०८१, / २०८१/८२ को कर चुक्ताप्रमाणपत्रको प्रतिलिपि र लेखा परीक्षणप्रतिवेदन ।
४. प्रस्तावना सम्बन्धीकार्य गर्नका लागिआधिकारीक व्यक्तितोकेको निर्णय र निजको नेपालीनागरिकताप्रमाणपत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीयतहको सिफारिस पत्र ।
६. धानखरिद सम्बन्धमानिम्नबमोजिमविवरणउल्लेख भएको प्रस्तावना

- सहकारी संस्थाको नाम ठेगाना,
- सहकारी संस्थाको सेयर पुँजी
- सहकारी संस्थाको कारोबार रकमर सहकारी संस्थाको कार्यक्षेत्र
- खरिद गर्न चाहेको धानको परिमाण र किसिम
- धानखरिद गर्न चाहेको स्थानीयतहतथावडा समेत खुल्ने गरी इच्छुक क्षेत्रको विवरण
- धानखरिदको लागिआवश्यक रकमको व्यवस्था र त्यसको श्रोत
- खरिद गरिएको धानभण्डारणतथाव्यवस्थापन सम्बन्धीविवरण
- धानखरिद, ढुवानी, भण्डारण, प्रशोधनएवं बजार व्यवस्थापनसम्बन्धीविवरणतथात्यसको लागिआवश्यक साधन, उपकरणतथाजनशक्तिको व्यवस्थापन सम्बन्धीविवरण
- धानखरिद बिक्रीको लागिआवश्यकपर्नेअन्यविवरण

**नोट : धानको भण्डारण सुरक्षा र प्याकेजिङ्गलगायतकाखर्च व्यवस्थापनकालागिप्रतिक्विनटल रु. ११२।- ( एक सय बाह्र मात्र) रुपैयाको दरले खरिद गरेको धानको परिमाणबमोजिमहुनआउने अनुदान रकमकार्यालयले सहकारी संस्थालाई उपलब्ध गराउने छ ।**

- न्यूनतम समर्थन मूल्यमाधानखरिद तथाव्यवस्थापन सम्बन्धीनिर्देशिका-२०७७ को पालनागर्ने ।
- सम्झौताको समयमाकार्यालयबाटतोकिएकाअन्यशर्तहरु

**नोट : विस्तृत जानकारीको लागिकार्यक्रमकार्यान्वयनएकाइ, बाराको वेबसाइटwww.piubara.pmamp.gov.npमावा सम्पर्क नम्बर मोबाईल नं. ९८५५०४५९३६, ९८५५०४८८९९,र सूचना अधिकारीको नं ९८५५०४८८९७ मा सम्पर्कराख्नु हुन अनुरोध छ ।**

..................................
कार्यालय प्रमुख

## अलौं नाकाबाट तस्करी भईरहेको समाचार प्रकाशन भएपछि ढाकछोप गर्न मोबाईल पाट्र्स पक्राउ

*शु.आ. सम्बाददाता*
*बीरगंज, ०३ भाद्र*




यस दैनिकले साउन ३१ गते र भाद्र २ गते पर्साको अलौं नाकाबाट फस्टायो तस्करी, प्रहरी नियन्त्रण गर्नु भन्दापनी स्कटिङ्ग गर्न ब्यस्त र सशस्त्र प्रहरी र नेपाल प्रहरीको मासिक नजरानाले पर्साको अलौं नाका तस्करीको ट्रान्जिट प्वाइन्ट बन्दै शिर्षकमा समाचार प्रकाशन गरेको थियो ।

समाचार प्रकाशन भएसँगै सशस्त्र प्रहरी गुल्म अलौंले ढाकछोप गर्न मोबाईल पाट्र्स पक्राउ गरी भँसार कार्यालय बीरगंजमा दाखिला गराएको छ । सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सिमा सुरक्षा गुल्म अलौंका ईन्चार्ज एवम् सशस्त्र प्रहरी नायब उपरीक्षक कृष्ण सिंह पुजाराको मोबाईल पाट्र्स पक्राउ गरी आफ्नो नजिकको सँचारकर्मिहरु जानकारी दिई ठुलो सफलता हासिल गरे जस्तो समाचार समेत प्रकाशन गराएका छन् । जबकि उक्त नाकाबाट दिनहुँ कपडा, हार्डवेयर, भैसी, मोबाइल पार्टस, मरिच लगायत खाद्यान्न समाग्रीको तस्करी हुने गरेको जोकोहिले पनि सजिलै देख्न सक्छन् ।

तर मासिक रूपमै नजराना बुझ्ने सशस्त्र प्रहरी र नेपाल प्रहरीले दिन दहाडै तस्करी भएको कार्य आँखाले देख्न पनि छोडेको आरोप रहेको छ । नजराना पाएपछि 'तैं चुप, मैं चुप' जस्तो गर्ने सशस्त्र प्रहरी उपरीक्षक

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# आमाको वंश आंशिक स्वीकार

आमाको वंशलाई आंशिक रूपमा स्वीकार गर्दै संसदीय विषयगत समितिबाट नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक पास भएको छ। राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिबाट आइतबार सर्वसम्मत रूपमा पास भएको विधेयकले आमाको नाम र ठेगानाबाट मात्रै समेत नागरिकता जारी हुन सक्ने बाटो खुला गरिदिएको छ । नेपालको संविधानको धारा १२ मा संविधानबमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था छ। यो व्यवस्था संविधान जारी भएको एक दशकसम्म पनि कार्यान्वयनमा आउन सकेन । कारण- यो व्यवस्था लागू हुनेगरी संघीय ऐन बन्न सकिरहेको छैन। यहीबेला सरकार आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र जारी हुन सक्ने संवैधानिक व्यवस्था स्वीकार गरेर अगाडि बढ्न तयार भएको छ । योसँगै आमाको वंशलाई आंशिक रूपमा स्वीकार गर्दै संसदीय समितिबाट नागरिकता विधेयक पास भएको हो ।

आमाको वंश आंशिक स्वीकार गर्दै गर्दा सरकारले फेरि पनि महिलामाथिको अविश्वास कायमै राखेको छ । संसदीय समितिबाट पास भएको विधेयकअनुसार आमाले सन्तानलाई नागरिकता दिलाउँदा स्वघोषणा गर्नुपर्छ । त्यस्तो स्वघोषणा आमा र सन्तान दुवैले गर्नुपर्नेहुन्छ । जहाँ बाबुको पहिचान नभएको वा पत्ता नलागेको भन्नुपर्छ । तर बाबुको हकमा यो प्रावधान लागू हुनेछैन । बाबुको वंश स्वीकार गर्दा आमाको नाम नराख्ने भए आमाको हकमा जस्तो स्वघोषणा गर्नुपर्दैन । यो आमा र बाबुको वंशको निरन्तरतामा गरिएको विभेदकारी व्यवस्था हो । जसले निरन्तरता पाउने प्रावधान यथावत् छ । नेपाली पुरुषले विदेशी महिलासँग विवाह गरेर सन्तान जन्मिएपछि सहजै वंशजको नागरिकता पाउँछन् । तर नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेर नेपाल बसेका छन् र सन्तान जन्माएका छन् भने पनि सहजै नागरिकता पाउँदैनन् । सर्तसहित पाउँदा अंगीकृत नागरिकता दिने प्रावधान राखिएको छ । यसले फेरि पनि महिलाको हकमा कम विश्वास गरेको देखाउँछ । नेपाल पुरुषप्रधान देश हो । पुरुषबाट मात्रै वंशको विस्तार हुने मान्यता रहँदै आएको छ । यस्तो निरन्तरतामा क्रम भंगता गर्नेगरी संसदीय समितिले आमाको नाम र ठेगानाबाट मात्रै समेत नागरिकता जारी हुन सक्ने प्रावधान राखेर ऐन बनाउने निर्णय गर्नु आंशिक सुधार हो । जसले आमाको वंशलाई पनि आंशिक स्वीकार गरेको देखिन्छ। प्रस्तावित प्रावधानको सही कार्यान्वयनमा सरकारले अब तदारुकता देखाओस् । केवल ऐनमा राखेर हुँदैन भन्ने ख्याल गरोस् ।

# बहुविवाह : निर्माण कि विनिर्माण ?



**डा. शोभाकर पराजुली**

जब बहुविवाह सामान्यीकृत हुन्छ तब समाजमा पारिवारिक सम्बन्धहरू कमजोर हुँदै जान्छन् ।

नेपाली र हिन्दु समाजमा विवाहलाई अत्यन्तै महत्वपूर्ण, पवित्र र दीर्घकालीन सम्बन्धको रूपमा हेरिन्छ । यो केवल दुई व्यक्ति (पुरुष र महिला) बीचको व्यक्तिगत सम्बन्धमात्र नभई दुई परिवारबीचको सामाजिक, सांस्कृतिक र धार्मिक सम्बन्धको आधार हो । नेपाली समाजमा विवाह पारिवारिक स्थायित्व, सामाजिक समरसता, सन्तानको उचित पालनपोषण र सांस्कृतिक निरन्तरताको माध्यम मानिन्छ । विवाहपछि पति-पत्नीले परस्पर आदर, विश्वास, समर्पण र कर्तव्य पालन गर्दै एक साझा जीवनयात्रा सुरु गर्छन् । यो सम्बन्धले सामाजिक मूल्य, धर्म, रीतिरिवाज र अनुशासनको संरक्षण गर्ने काम गर्छ, जसले समाजलाई संयमित र सुदृढ बनाउँछ ।

हिन्दु धर्मअनुसार विवाह एक धार्मिक संस्कार हो, जुन १६ प्रमुख संस्कारमध्ये सातौं (सप्तम) स्थानमा पर्छ । विवाहलाई केवल शारीरिक वा भावनात्मक सम्बन्ध नभई 'धर्म, अर्थ र काम' प्राप्तिको साधन मानिन्छ । हिन्दु शास्त्रमा विवाहका आठ प्रकार उल्लेख गरिएका छन्– ब्राह्म, दैव, प्राजापत्य, आर्ष, गान्धर्व, राक्षस, पिशाच र आसुर – जसमा 'ब्राह्म विवाह' सबैभन्दा शुद्ध र श्रेयष्कर मानिन्छ । विवाह संस्कारको मुख्य अंश 'सप्तपदी' हो, जसमा दम्पतीले सात पाइला चाल्दै जीवनभर साथ दिने, धर्म र कर्तव्य निर्वाह गर्ने, सन्तान उत्पादन तथा संरक्षण गर्ने, सुख-दुःखमा सहयात्री बन्ने प्रतिज्ञा गर्छन् । यसरी, हिन्दु परम्परामा विवाह केवल सामाजिक करार नभई आध्यात्मिक बन्धन पनि हो, जसले मानव जीवनलाई पूर्णता दिने विश्वास गरिन्छ ।

नेपालमा बहुविवाहको लामो इतिहास छ, जहाँ परम्परागत रूपमा पुरुषलाई एकभन्दा बढी विवाह गर्ने छुट दिइएको थियो । समाजमा गहिरो रूपमा गाडिएको पुरुषप्रधान सोचले महिलालाई दोस्रो दर्जाको हैसियतमा राखेको थियो । तर समयसँगै महिला अधिकार, लैंगिक समानता र न्यायको सवाल उठ्दै जाँदा बहुविवाहविरुद्ध आवाज उठ्न थाल्यो । त्यसकै परिणामस्वरूप नेपालको संविधान र कानुनले बहुविवाहलाई गैरकानुनी घोषणा गर्‍यो । हालको मुलुकी अपराधसंहिता २०७४ मा बहुविवाहलाई स्पष्ट रूपमा निषेध गर्दै दोषीलाई कारबाहीको प्रावधान गरिएको छ । यो कानुनले महिलाको अधिकार संरक्षण गर्ने र समाजमा न्यायिक सन्तुलन कायम गर्ने उद्देश्य राखेको छ ।

यद्यपि पछिल्ला केही वर्षमा बहुविवाहसम्बन्धी कानुन पुनरावलोकन गर्नुपर्ने बहस चर्कन थालेको देखिन्छ । कतिपय समूहहरूले धार्मिक स्वतन्त्रता, सांस्कृतिक परम्परा वा व्यावहारिक कारण देखाउँदै नयाँ कानुनी व्यवस्था ल्याउनुपर्ने माग गरिरहेका छन् । उनीहरूको तर्कअनुसार केही अवस्थामा बहुविवाहलाई कानुनी मान्यता दिनु 'प्राकृतिक आवश्यकता' हुन सक्छ । तर यस्तो सोच अत्यन्त खतरनाक छ किनभने यसले विगतका महिलामाथि गरिएका अन्यायलाई वैधानिकता दिने खतरा निम्त्याउँछ । साथै, यसबाट महिलाको सामाजिक सुरक्षा, आत्मसम्मान र न्यायमा पहुँच कमजोर बनाउने सम्भावना बढ्छ । यसकारण बहुविवाहलाई सहज बनाउनतर्फ उन्मुख कुनै पनि कानुनी प्रयासलाई समयमै रोकेर हालको कानुनलाई थप प्रभावकारी बनाउनतर्फ ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

नेपालको संविधानले सबै नागरिकलाई समानता, सम्मान र गरिमायुक्त जीवनको ग्यारेन्टी गरेको छ । त्यसमाथि हालको कानुनले महिलालाई बहुविवाहबाट हुने अन्याय, हिंसा र विभेदबाट जोगाउने उद्देश्य राखेको छ । यदि अब नयाँ कानुनमार्फत बहुविवाहलाई कुनै रूपमा वैधानिकता दिन थालियो भने त्यसको अर्थ विगतमा महिला अधिकारको लडाइँले जितेका सफलताहरू उल्ट्याउने कार्य हुनेछ । यतिमात्र होइन, नयाँ कानुनले पुरुषप्रधान सोचलाई कानुनी हैसियत दिने खतरा निम्त्याउँछ । यसले महिलाको सामाजिक हैसियत कमजोर बनाउने मात्र होइन, उनीहरूलाई प्राप्त कानुनी संरक्षणसमेत समाप्त पार्न सक्छ ।

नेपालमा आज पनि हजारौं महिला वैवाहिक हिंसा, मानसिक यातना, आर्थिक शोषण र पारिवारिक उपेक्षाको चपेटामा परिरहेका छन् । महिलाहरूले घरभित्रै अपमान, तिरस्कार र असुरक्षा भोग्नुपरेको यथार्थलाई राज्यले गम्भीरतापूर्वक लिइरहेको छैन । यस्ता पीडादायी अवस्थामा राज्यले पीडित महिलाको संरक्षण र पुनर्स्थापनाका लागि कडा तथा प्रभावकारी कानुनी व्यवस्था गर्नुपर्ने हो । तर त्यस्ता प्रयासको सट्टा बहुविवाहजस्ता कुरीतिलाई कानुनी रूपमा सहज बनाउने दिशामा पाइला चाल्नु अत्यन्त दुर्भाग्यपूर्ण र जोखिमपूर्ण छ । यसले महिला अधिकारको संरक्षण गर्नुको सट्टा उनीहरूको संघर्षमाथि प्रहार गर्छ ।

यदि बहुविवाहलाई सहज रूपमा कानुनी मान्यता दिने ढोका खोलियो भने यसको प्रत्यक्ष असर महिलाको आत्मसम्मान, सुरक्षाबोध र पारिवारिक स्थायित्वमा पर्नेछ । यस्तो अवस्थाले समाजमा महिला हिंसा थप बढ्नेमात्र होइन, परिवार विघटन, मानसिक तनाव र असमानताको लहर फैलिने निश्चित छ । महिलालाई जीवनकी बराबरी सहयात्रीका रूपमा होइन, पुरुषको स्वार्थ र इच्छाको साधन झैं व्यवहार गरिने खतरा पनि बढ्छ । यसले समाजलाई नै पछाडि धकेल्ने छ र महिलाले लामो समयदेखि पाउँदै आएको न्यूनतम अधिकारसमेत गुमाउने अवस्था सिर्जना हुनेछ । यस्तो कानुनी परिवर्तनले नेपाली समाजमा नकारात्मक मनोवृत्तिको विकास गर्नेछ जहाँ महिलालाई दोस्रो दर्जाको नागरिक झैं व्यवहार गरिनेछ । विवाहलाई पवित्र सम्बन्धको रूपमा हेर्ने सामाजिक मान्यता नै खल्बलिनेछ । जब एक पुरुषले सजिलै कानुनी रूपमा एकभन्दा बढी विवाह गर्न सक्नेछ भने उसले पहिलो श्रीमती र उसका सन्तानप्रति आफ्नो दायित्वबाट पन्छिने सम्भावना अत्यन्त बढी हुनेछ । दोस्रो वा तेस्रो विवाह गर्ने पुरुषहरूले कुनै कानुनी डर नपाउँदा, पहिलो परिवारलाई बेवास्ता गर्ने, सम्पत्तिमा अधिकार दिन नचाहने, वा सम्बन्धविच्छेद नगरिकनै नयाँ सम्बन्ध बनाउने प्रवृत्ति बढ्नेछ ।

त्यसको असर केवल महिलामा सीमित हुने छैन । समाजमा बढ्दो बहुविवाहले सन्तानहरूका लागि पहिचानको संकट, नागरिकता, सम्पत्ति अधिकार, शिक्षामा पहुँच र मनोवैज्ञानिक सन्तुलन गुमाउने अवस्था ल्याउनेछ । जन्मदर्ता प्रमाणपत्र, नागरिकता वा अन्य कानुनी कागजातहरूमा बाबु-आमाको स्पष्ट पहिचान नहुनाले ती बालबालिकाले जीवनभर सामाजिक उपेक्षा भोग्नु पर्नेछ । यो अवस्था कानुनले उत्पन्न गर्ने नयाँ अन्याय हुनेछ । अझ खतरनाक पक्ष त के हो भने यस्तो कानुनी सहजीकरणले समाजमा 'राज्यले महिलामाथि हुने अन्याय र विभेदलाई अनुमोदन गर्‍यो' भन्ने सन्देश दिन सक्छ । यसले महिलाको विश्वास राज्यप्रतिको प्रणाली र न्याय प्रणालीबाट हराउनेछ । महिलाहरू कानुनी संरक्षण नपाउँदा मौन पीडा सहन बाध्य हुनेछन् । विशेषगरी गरिब, ग्रामीण, अशिक्षित र पहुँचहीन महिलाहरू बहुविवाहको नयाँ कानुनबाट सबैभन्दा बढी प्रभावित हुनेछन् । उनीहरू न्याय माग्ने अधिकारसमेत गुमाउनेछिन् ।

यदि नयाँ कानुनले बहुविवाहलाई स्वीकार्‍यो भने यसको सामाजिक असर तुरुन्तै देखिन थाल्नेछ र त्यो असर निकै गहिरो र दीर्घकालीन हुनेछ । विवाह, जुन परम्परागत रूपमा विश्वास, प्रतिबद्धता, सम्मान र पारिवारिक स्थायित्वको आधार मानिन्छ, त्यसको अर्थ नै विकृत हुन सक्छ । जब राज्यले नै बहुविवाहलाई वैधानिक मान्यता दिन्छ तब मानिसहरू विवाहलाई अस्थायी, इच्छामुखी र स्वार्थ-केन्द्रित सम्बन्धको रूपमा लिन थाल्नेछन् । विवाहमा भावनात्मक सम्बन्ध, परस्पर सहयोग र उत्तरदायित्वभन्दा बढी व्यक्तिगत सुविधा, स्वार्थ र 'हक'को बहस हावी हुन थाल्नेछ । यसले वैवाहिक सम्बन्धको सामाजिक मूल्य घटाउनेछ । त्यसको असर पारिवारिक संरचना, सन्तानको विकास र समग्र सामाजिक अनुशासनमा पर्नेछ ।

यदि नयाँ कानुनले बहुविवाहलाई स्वीकार्‍यो भने यसको सामाजिक असर तुरुन्तै देखिन थाल्नेछ र त्यो असर निकै गहिरो र दीर्घकालीन हुनेछ। किनकि विवाहको स्थायित्व र परम्परागत मूल्यहरू कमजोर हुँदै जानु व्यक्तिगत समस्यामात्र होइन, समाजकै स्थायित्वमा प्रत्यक्ष असर पार्ने विषय हो।

त्यतिमात्र होइन, जब बहुविवाह सामान्यीकृत हुन्छ तब समाजमा पारिवारिक सम्बन्धहरू कमजोर हुँदै जान्छन् । महिलाहरूको आत्मसम्मान, सुरक्षाबोध र सामाजिक पहिचान संकटमा पर्छ । विशेषतः आर्थिक रूपमा कमजोर वा पहुँचविहीन महिलाहरू यस्तो बहुविवाहको सिकार बन्ने सम्भावना बढी हुन्छ, जसले सामाजिक असमानता झन् बढाउँछ । विवाहको स्थायित्व र परम्परागत मूल्यहरू कमजोर हुँदै जानु केवल व्यक्तिगत समस्या होइन, समाजकै स्थायित्वमा प्रत्यक्ष असर पार्ने विषय हो । यस्ता कानुनी परिवर्तनले सामाजिक अनुशासन, महिला अधिकार र पारिवारिक मूल्य, मान्यतामाथि गम्भीर प्रश्न उठाउनेछ । त्यसैले बहुविवाहलाई कानुनी मान्यता दिनु भनेको समाजमा अस्थिरता र असमानता बढाउने मार्ग खोल्नु हो । अर्को गम्भीर पक्ष के हो भने यस्तो कानुनी प्रयासले विभिन्न धार्मिक, जातीय वा सांस्कृतिक समूहबीच वैवाहिक अधिकारको असमानता सिर्जना गर्न सक्छ । कुनै समुदायमा बहुविवाह वैध र अर्कोमा अवैध भयो भने यसले समानताको सिद्धान्तमा चोट पुर्‍याउँछ । जब समान नागरिक अधिकारमा भिन्नता आउँछ, तब सामाजिक टकराव, अन्याय र असन्तोषले उग्ररूप लिन सक्छ । यसले केवल कानुनी वा सामाजिकमात्र होइन, नैतिक संकट पनि ल्याउनेछ । राज्यको कानुनी प्रणालीले नै एउटा यस्तो अभ्यासलाई वैधानिकता दिँदा, जसले मानिसका मौलिक अधिकारलाई कमजोर बनाउँछ, त्यसले समाजमा नैतिकता, नैतिक मूल्य र मानवीय संवेदनशीलताको ह्रास निम्त्याउँछ । कानुन केवल कारबाहीको साधन होइन, समाजलाई मूल्य र दिशा दिने साधन पनि हो । यस्तो बेला कानुनले नै बहुविवाहजस्तो सामाजिक कुरीतिलाई संरक्षण दियो भने यसको नैतिक धरातल खिया लाग्नेछ ।

यो सबै सन्दर्भमा स्पष्ट हुन्छ कि बहुविवाहको समस्या समाधान नयाँ कानुनमार्फत होइन, हालको कानुनको प्रभावकारी कार्यान्वयनमार्फत सम्भव छ । कानून निर्माणभन्दा पहिले कार्यान्वयनमा सुधार, पीडितको पहुँच सुनिश्चित गर्ने व्यवस्था, प्रमाण संकलनमा सहजीकरण, महिला-मैत्री न्याय प्रणाली र सामाजिक चेतनाको अभिवृद्धि आवश्यक छ । विवाहको अनिवार्य दर्ता, सम्पत्ति र सन्तानको अधिकार सुनिश्चित गर्ने कानुनी सुधार र पीडित महिलाको पुनर्स्थापनाका लागि राज्यको स्पष्ट जिम्मेवारी हुनुपर्छ । यदि कानुन कार्यान्वयनमा चुकिएको छ भने त्यसको समाधान कानुन खुकुलो बनाउनु होइन, कार्यान्वयन सुदृढ गर्नु हो । राज्यले त्यस्ता संरचना बनाउनु पर्छ, जहाँ पीडित महिलाले सजिलै उजुरी गर्न सकून्, कानुनी सहायता पाउन सकून् र आफ्नो अधिकारका लागि लड्न सकून् । प्रहरी, अदालत र प्रशासनलाई महिला हिंसासम्बन्धी मुद्दा बुझ्ने र निष्पक्ष निर्णय दिने गरी आवश्यक तालिम र संरचना दिनुपर्छ ।

बहुविवाहका कारण उत्पन्न हुने सम्पत्ति विवाद, बाल अधिकार, नागरिकताको समस्या आदिका लागि स्पष्ट मार्गनिर्देशनसहितको कानुनी तथा प्रशासनिक संयन्त्र आवश्यक छ । अन्ततः बहुविवाह नेपालमा केवल कानुनी मुद्दा होइन, सामाजिक अन्याय, लैंगिक विभेद र नैतिक संकटसँग जोडिएको विषय हो । राज्यले यदि नयाँ कानुनमार्फत यसलाई सहज बनाउने बाटो खोल्यो भने त्यसले वर्तमान र भविष्य दुवै पुस्ताका महिलालाई जोखिममा पार्नेछ । बहुविवाहको अन्त्य केवल कानुनी निषेधबाट होइन, सामाजिक सोचको रूपान्तरण, कानुनी कार्यान्वयनको मजबुती र महिलाको अधिकारप्रति राज्यको स्पष्ट प्रतिबद्धताबाट मात्र सम्भव छ । त्यसैले, बहुविवाहविरुद्धको संघर्ष अझ मजबुत बनाउनुपर्ने समय हो– न कि त्यसको कानुनी ढोका खोल्ने ।


**विश्रामपुर गाउँपालिका**
**विश्रामपुर, बारा**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत


॥।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# हमासले युद्धविराम प्रस्ताव स्वीकारेपछि इजरायलद्वारा सबै बन्धकलाई रिहा गर्न माग

***एजेन्सी –*** इजरायलका एक वरिष्ठ अधिकारीले हमासले युद्धविरामको नयाँ प्रस्ताव स्वीकार गरेपछि सरकार भविष्यमा गाजामा हुने कुनै पनि सम्झौतामा बन्धक बनाइएका सबैलाई रिहा गर्ने आफ्नो आह्वानमा अडिग रहेको बताएका छन् ।

करिब दुई वर्षदेखि जारी युद्ध अन्त्य गर्ने उद्देश्यले हमासले नयाँ चरणको वार्ताका लागि तयार रहेको सङ्केत गरेको एक दिनपछि मध्यस्थकर्ताहरूले यो योजनामा इजरायलको आधिकारिक प्रतिक्रियाको प्रतिक्षा गरिरहेका छन् ।

मध्यस्थकर्ता कतारले नयाँ प्रस्तावका लागि आशावादी रहेको बताउँदै यो प्रस्ताव इजरायलले सहमति गरेको पहिलेको संस्करणसँग 'लगभग मिल्दोजुल्दो' रहेको उल्लेख गरेको छ । नाम नबताउने शर्तमा इजरायलका एक वरिष्ठ अधिकारीले एएफपीसँग कुरा गर्दै सरकारको अडानमा कुनै परिवर्तन नआएको र कुनै पनि सम्झौता गरी बन्धक बनाइएका सबैलाई रिहा गर्न माग गरेका छन् ।

यी दुई शत्रुले युद्ध अवधिभर अप्रत्यक्ष वार्ता गरेका छन् र दुई पटक छोटो समयका लागि युद्धविराम भएको छ । युद्धविरामका क्रममा दर्जनौँ इजरायली बन्धकहरूको बदलामा हजारौँ प्यालेस्टिनी कैदीहरूको रिहा गरिएको थियो तर ती युद्धविरामले उनीहरूलाई स्थायी युद्धविरामको मध्यस्थता गर्न सफल बनाउन सकेका छैनन् ।

संयुक्त राज्य अमेरिकाको पहलमा कतार र इजिप्टले बारम्बार कूटनीतिक वार्ता गरी युद्धविराम मध्यस्थताका लागि पहल गरेका छन् ।

इजिप्टले सोमबार भनेको छ, "इजिप्ट र कतारले इजरायललाई नयाँ प्रस्ताव पठाएको छ र 'बल अब उसको कोर्टमा' छ ।"

कतारी विदेश मन्त्रालयका प्रवक्ता माजेद अल अन्सारीले हमासले 'निकै सकारात्मक प्रतिक्रिया दिएको र यो वास्तवमै इजरायली पक्षले यसअघि गरेको सहमतिसँग मिल्दोजुल्दो रहेको' बताएका छन्रु ।

उनले भने, 'हामी कुनै सफलता हासिल भएको दाबी गर्न सक्दैनौं । तर यो सकारात्मक पक्ष हो भन्ने हाम्रो विश्वास छ ।'

***इजरायलमाथि बढ्दो दबाव***

इजिप्टको राज्यसम्बद्ध संस्था अल-काहेरा न्यूजको रिपोर्टअनुसार पछिल्लो सम्झौतामा ६० दिनको युद्धविराम, आंशिक बन्धक मुक्त, केही प्यालेस्टाइनी कैदीलाई मुक्त गर्ने र सहायता प्रवेशका लागि अनुमति दिने प्रावधान प्रस्ताव गरिएको छ ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले यस योजनाबारे सार्वजनिक रूपमा कुनै टिप्पणी गरेका छैनन्, तर गत हप्ता इजरायलले 'युद्ध अन्त्यका लागि सबै बन्धकहरूलाई एकैपटक रिहा गर्ने सम्झौता' स्वीकार गर्ने बताउनुभएको थियो ।

हमासका वरिष्ठ अधिकारी महमुद मर्दावीले सामाजिक सञ्जालमा लेखेका छन्रु, 'आफ्नो समूहले सम्झौताको सम्भावनाका लागि ढोका खोलेको छ, तर नेतन्याहूले विगतमा जस्तै फेरि एकपटक यसलाई बन्द गर्ने कि नगर्ने भन्ने प्रश्न कायमै छ ।'

नेतन्याहूले युद्ध अन्त्यका लागि देश तथा विदेशमा बढ्दो दबाबको सामना गरिरहेका बेला हमासले यो प्रस्ताव स्वीकार गरेको हो ।

आइतबार इजरायलको तेल अभिव शहरमा दशौँ हजार मानिसले युद्ध अन्त्य गर्न र बन्धक बनाइएका बाँकी बन्धकहरूलाई मुक्त गर्न सम्झौताको माग गर्दै सडकमा प्रदर्शन गरेका थिए । सन् २०२३ को अक्टोबरमा हमासले गरेको आक्रमणका क्रममा बन्धक बनाइएका २५१ जनामध्ये ४९ जना अझै गाजामै छन्, जसमध्ये २७ जनाको मृत्यु भइसकेको इजरायली सेनाले जनाएको छ ।

# लागु औषध गाँजा सहित एकजना पक्राउ



***शुभ आरम्भ संवाददाता***
***भदौ ३ रौतहट***

रौतहटमा लागु औषध गाँजा सहित एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयको जानकारी अनुसार गुजरा नगरपालिका २ टोल निवासी करिब ५५ वर्षीय गोपाल बहादुर थिङलाई विशेष सूचनाको आधारमा पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार, थिङले लामो समयदेखि आफ्नो घरमै गाँजा खरिद-बिक्री गर्ने गैरकानुनी कारोबार गर्दै आएको भन्ने बिषयमा प्रहरीले प्राप्त गरेको विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र प्रहरी चौकी रंगपुरबाट खटिएको संयुक्त टोलीले सोमबार साँझ छापा मारेर उनलाई नियन्त्रणमा लिएको हो । प्रहरी निरीक्षक रुपेश कुमार झाको नेतृत्वमा खटिएको टोलीले थिङको घरमा तलासी गर्दा विभिन्न कोठाभित्र लुकाइछिपाई राखिएको अवस्थामा ३ किलो ५० ग्राम गाँजा बरामद गरेको जनाएको छ । त्यस्तै, घटनास्थलबाट नेपाली रुपैयाँ ७८ हजार ३५ र भारतीय रुपैयाँ ६१० समेत फेला पारी प्रहरीले नियन्त्रणमा लिएको छ। बरामद रकम गाँजा कारोबारसँग सम्बन्धित भएको आशंका प्रहरीले गरेको हो ।

पक्राउ परेका थिङको शरिर तथा घरमा गरिएको खानतलासीपछि बरामद सामग्रीलाई प्रमाणका रूपमा सुरक्षित राखी थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा बुझाइएको प्रहरीले जनाएको हो ।

यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रौतहटले लागु औषध सम्बन्धी अपराधमा संलग्न व्यक्ति र गिरोहलाई कानूनी दायरामा ल्याउने कार्यलाई अझ सशक्त बनाइएको बताएको छ । प्रहरीले लागु औषध जस्तो सामाजिक अपराध नियन्त्रण गर्न स्थानीय समुदायलाई समेत सतर्क रहन आग्रह गरेको छ। यसैबीच स्थानीय बासिन्दाले गाँजाको अवैध कारोबारले समाजमा गलत प्रभाव पारिरहेको भन्दै प्रहरीलाई निरन्तर निगरानी गर्न माग गरेका छन्।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

## ठोरीका..........

शिक्षा ऐन जारी हुनुपर्ने लगायतका माग समेटिएको ध्यानाकर्षण पत्र पालिका अध्यक्ष र इकाई प्रमुखलाई बुझाइएको हो । पालिका प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाउन पुगेका शिक्षकहरुले इकाई प्रमुखलाई ठोरी गाउँ पालिकामा भेटाएपछि उक्त अवसरलाई सदुपयोग गरिएको माध्यमिक शिक्षक युनियन हिस्टुन ठोरीका अध्यक्ष लक्ष्मण बखतीले जानकारी दिए ।

अध्यक्ष बखतीका अनुसार हिस्टुन केन्द्रीय समितिले निर्णय गरे बमोजिम भदौ ४ र ५ गते हातमा कालो पट्टी बाँधेर शिक्षकहरुले अध्यापन गराउने र ६ गते पेनडाउन को कार्यक्रम तय भएको छ भने आगामी अन्य कार्यक्रम भदौ ७ गते तय हुने पनि अध्यक्ष बखतीले जानकारी दिए ।

ध्यानाकर्षण पत्र बुझ्दै ठोरी गाउँपालिका अध्यक्ष श्रेष्ठले शिक्षकहरुको माग जायज रहेकाले आफूलाई बुझाइएको ध्यानाकर्षणपत्र सम्बन्धित निकायमा सम्प्रेषण गर्ने प्रतिबद्धता ब्यक्त गरे भने इकाई प्रमुख राउतले पनि शिक्षकहरुको माग उचित रहेकाले राज्यको ध्यानाकर्षण हुने विस्वास व्यक्त गरे । ध्यानाकर्षण पत्र बुझाउने कार्यक्रममा नेपाल शिक्षक महासंघ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले उपस्थित जनाइ ऐक्यबद्धता व्यक्त गरे ।




**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**बिन्दाबासिनी गाउँपालिका**
बहुअर्वाभाठ्ठा, पर्सा

## निजगढ............

लाखापाखा गर्दै पाँचवटा वडा कार्यालयको लागि बजेट व्यवस्थापन गरेका थिए ।भने अन्य वडा कार्यालयको बजेट नराखेको समेत प्रतिबेदनमा उल्लेख गरीएको छ ।

वडा नं ८ को वडा अध्यक्षले ईन्धनको बजेट पेमा दाई शम्भु दाई जस्ता ब्यक्तिहरुलाई तिन सय ७० लिटर बितरण गर्दै नगरपालिकाको भौचर नं. ८६९-०८० ।१२ ।६ बाट विनायक आयल स्टोर्सलाई रु एक लाख ५६ हजार ५८४ भुक्तानी गराई अनियमितता भएको ठहर छ ।भने भौचर नं. ८७३ बाट ना ३ च नम्वरको गाडीमा ४० लिटर इन्धन राखि वडाको कामले प्रदेश मन्त्रालयमा गएको उल्लेख भएकोमा के कार्य हो ? सो खुलाउने प्रमाण समेत नराखि अनियमितता गरेको प्रष्ट उल्लेख गरीएको छ । साथै नगरपालिकाले इन्धनको लागि मासिक नम्स नबनाई नगरपालिकाका कर्मचारीलाई मासिक १० लिटरसम्म दिने गरेको देखियो । उक्त विवरण अनुसार सरकारी मोटरसाईकल प्राप्त नगरेको वडा कार्यालयमा मोटरसाईकल र गाडीमा प्रयोजन नखुल्ने गरी पालिकाको नजिक पर्ने वडा नं. ८ मा मापदण्ड अनुसार १२० लिटर पेट्रोल खर्च हुनुपर्ने देखिन्छ । विद्यमान कानुनमा निजी मोटरसाईकल तथा गाडीलाई इन्धन खर्च लेख्न मिल्ने नदेखिएको महालेखा परीक्षकको कार्यालयले वडा नं ८ को कार्यालयमा ईन्धनमा रु दुई लाख अनियमितता गरेको उल्लेख गरेको छ । त्यस्तै वडा नं. ९ नगरपालिकाबाट निकटतम दुरीमा पर्ने भएता बा १३ च ९४२५ नम्बरको प्राईभेट गाडीमा पौष महिनाको ११ मा ४० लिटर, पौष १८ मा ३० लिटर , फागुन १२ मा ४० लिटर, फागुन १५ मा ३० लिटर, फागुन २० मा ६० लिटर र फागुन १३ मा ४० लिटर डिजेल खर्च भएको प्रमाण पेश गरेको छ। उक्त प्राईभेट गाडीमा खर्च गरेको ईन्धनको भुक्तानी नगरपालिकाको भौचर नं. १३११-०८० ।२ ।८ बाट विनायक आयल स्टोर्सलाई रु ६४ हजार ७९५ भएको समेत प्रतिबेदनमा उल्लेख रहेको छ । प्राईभेट गाडीमा ईन्धन खर्च भएको भन्दै महालेखा परीक्षकको कार्यालयले वडा नं ९ को कार्यालयमा पनि ईन्धनमा रु दुई लाख अनियमितता गरेको उल्लेख गरेको छ । वडा नं. ३ को कार्यालयले हिरालाल रानालाई तिन वटा कुपनबाट चार सय ६० लिटर ईन्धन उपलब्ध गराउनुको साथै खानेपानी जेनेरेटर खर्च उल्लेख गरी १०० लिटर देखि १५० लिटर डिजेलको विजक संलग्न राखेको छ । नगरपालिकाले विजक प्रमाणित गर्ने कागजात संलग्न नराखि कागजात बेगर ठूलो परिमाणमा भएको खर्च नियमसम्मत नभएपनि भौचर नं. १७०३ बाट भुक्तानी गरेको छ। त्यहि भएर वडा नं ३ को कार्यालय माथि पनि एक लाख ९९ तिन ६० रुपैया अनियमितता गरेको ठहर रहेको छ । वडा नं १३ को वडा अध्यक्ष सुर्य घलानले सिफारिसमा नगरपालिकाले तिन हजार लिटर ईन्धन उपलब्ध गराउनको साथै वडा अध्यक्ष घलान आफै एक सय ५० लिटर र एक सय ५८ लिटर बुझेको तर सवारी साधन तथा प्रयोजन नखुलाकोले अनियमितता भएको जिकिर प्रतिबेदनमा गरीएको छ । उक्त वडा कार्यालय मार्फत ६ लाख ५७ हजार ८६४ रुपैया अनियमितता भएको छ ।

त्यस्तै नगरपालिकामा १५ थान मोटरसाईकल, १ थान ट्रिपर, १ थान लोडर ,1 थान टाटा सुमो ,1 थान महेन्द्रा पिकअप र १ थान र ब्याक हो लोडर रहेको छ । बढि इन्धन खर्च हुने ब्याकहो लोडर, ट्रिपर र लोडर रहेको भएतापनि कुन सवारीसाधनमा कति इन्धन खर्च भएको हो सो विवरण नराखि उक्त सवारीसाधनको लागि रु ६० लाख इन्धन खर्च लेख्नु आफैंमा सँकास्पद रहेको छ ।

नगरपालिकाले एउटै कुपनबाट ६६० लिटर , ६४० लिटर , ५४५ लिटर र ५०० लिटर डिजेल खर्च गरेको छ ।भने उक्त परीणामको ईन्धन क्षमता रहेको सवारी साधन नगरपालिका छ भने प्रश्न महालेखा परीक्षकको कार्यालयले तेर्साउदै इन्धन खर्च गर्ने सम्बन्धमा प्रति सवारी साधन मासिक इन्धन परिमाण सम्बन्धमा कुनै मापदण्ड नबनाई अनियन्त्रित रुपम इन्धन खर्च गरेको भन्दै अनियमितता भएको ठहर गरेको छ ।

साथै नगरप्रमुखले प्रयोग गर्ने स्कोरपियो जिपको लागि मासिक इन्धन खर्चको मापदण्ड तयार नगरी मनपर्दो खर्च गरीएको छ। भने कर्मचारीहरुले पटक पटक खर्च गरेको इन्धनको विल राखि भुक्तानी हुने गरेको देखिएको प्रतिबेदनमा उल्लेख गरीएको छ ।

महालेखा परीक्षकको कार्यालयले प्रतिबेदनमा नै नगरप्रमुख पुरी लगायत जनप्रतिनिधिहरु ईन्धनमा मात्रै ६८ लाख ३३ हजार २२४ रुपैया अनियमितता भएको भन्दै विस्तृत विवरण बेरुजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न रहेको उल्लेख गरेको छ ।

## कोल्हबीका.........

बिग्रिएको देखिएको छ। कसैको चाकरी र गुलामी नगर्ने प्रबृति भएका चौधरी इमान्दार भएकै कारण आर्थिक संकटमा परेको छ। पत्रकारिता पेशामा लागेर भ्रष्टचारीहरुको पर्दाफास गर्दै आइरहेका कारण स्थानिय तहले बिज्ञापन तथा कार्यक्रमहरुको कार्यआदेश नदिएको उनको भनाई रहेको छ ।

त्यस क्षेत्रका प्राय जसो पालिकाहरुको बिपक्षमा अर्थात सत्य तथ्यमा आधारित समाचारहरु लेख्दै गरेको र कार्यक्रमको माग गर्नका लागि प्रपोजल पेश गर्ने बेलामा कमिशन दिन सहमती नदेखाएका कारण कार्यआदेश नदिएको उनले दुखेसो पोखेका छन् ।

यता कोल्हबी नगरपालिकाको प्रतिवेदन अनुसार त्यहाँका संचार माध्यमले अनियमितता गरेको बारेमा समाचार लेखेकै भरमा चेरवन्त खबरका संचालक नविन चौधरीले सहकारीबाट ऋण लिएको तर समयमा तिर्न नसकेको कुरालाई देखाउँदै त्यस बिषयमा समाचार लेखिदिने भनेर पालिकाबाट लाभ लिएका पत्रकारहरुले ब्लाकमेल गर्न खोजेका छन् ।

देशमा ऋण असुल उपर गर्ने गराउने निकाय हुँदा हुँदै पनि यसरी रिस साध्नका लागि ब्यक्तिगत रुपमा प्रस्तुत भएकाले उहाँहरुको नियतमा समेत प्रश्न चिन्ह खडा भएको देखिन्छ । जनताले तिरेको करको पैसा बजेट बनेर स्थानिय तहमा आउँछन् र यसरी पत्रकारको मुकुटधारीले अनियमितता गरेर हजम गरिरहँदा त्यस बिषयमा समाचार सम्प्रेशण गरेकै भरमा ब्लाकमेल गरिरहयो भने जनतालाई सुचित गर्ने उर्जा नै हराएर जान सक्ने पत्रकार चौधरीले बताए ।

## अर्लौं......................

पुजाराले मँगलबार तिन गते भएकोले मासिक नजराना नपाएको निहुँमा उक्त मोबाईल पार्ट्स पक्राउ गरेको एक स्थानियले आरोप लगाएका छन् ।

उनको अनुसार क्यालेण्डरको पाना पल्टिने बेलामा नै सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई मासिक नजराना चाहिन्छ ।

नजराना पाए 'तैं चुप, मैं चुप' जस्तै गर्ने प्रहरीहरु नजराना पाउन ढिलो भएमा समान पक्राउ गर्ने तथा प्रकाशन भएको समाचारलाई ढाकछोप गर्नमा तल्लिन रहेको आरोप लगाएका छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# गौर घटनाको मुख्य योजनाकार प्रभु साह रहेको जिल्ला अध्यक्ष यादवको आरोप

***शु.आ. सम्बाददाता***
***रौतहट, ०३ भाद्र***

हत्याकाण्डसम्बन्धी अनुसन्धान अघि बढाउन सर्वोच्च अदालतले परमादेश जारी गरेपछि जनता समाजवादी पार्टी (जसपा) नेपालले त्यसको विरोधमा मंगलबार रौतहटको सदरमुकाम गौरमा प्रदर्शन गरेको छ ।

सर्वोच्चको आदेशप्रति असन्तुष्टि जनाउँदै जसपाले यसलाई राजनीतिक प्रतिशोधको रूपमा चित्रण गरेको छ । पार्टीले गौर हत्याकाण्डलाई तत्कालीन राजनीतिक परिप्रेक्ष्यमा उत्पन्न भएको घटना भन्दै अध्यक्ष उपेन्द्र यादवलाई झूटो आरोपमा फसाउन खोजिएको आरोप लगाएको हो ।

प्रदर्शन बिपी चौकबाट सुरु भई नगर परिक्रमा गर्दै अदालत चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभामा बोल्दै जसपा नेपालका केन्द्रीय सदस्य तथा पूर्व कृषि राज्यमन्त्री योगेन्द्र राय यादवले, "उपेन्द्र यादवमाथिको षड्यन्त्र खारेज गर", "राजनीतिक मुद्दालाई कानुनी रूप नदेऊ" र "सर्वोच्चको आदेश फिर्ता गर" जस्ता नाराबाजी गरेका थिए ।



कार्यक्रममा जसपा नेपाल रौतहट जिल्ला कार्यसमितिका अध्यक्ष राजिव रंजन उर्फ राजु यादवले बोल्दै गौर घटनाको मुख्य योजनाकार तत्कालीन नेता प्रभु साह रहेको दाबी गरे । उनले उक्त घटनामा अध्यक्ष यादवको कुनै संलग्नता नरहेको भन्दै अनुसन्धानको नाममा राजनीतिक प्रतिशोध लिने प्रयास भइरहेको बताए ।

प्रदर्शनमा स्थानीय तहका नेता, कार्यकर्ता तथा भातृ संगठनका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति थियो । उनीहरूले सरकारको इसारामा सर्वोच्च अदालतमार्फत राजनीतिक मुद्दा खोलिएको आरोप लगाउँदै अदालतले न्यायको सट्टा अन्यायलाई प्रश्रय दिएको टिप्पणी गरे ।

यसअघि सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले २०६३ साल चैत ७ गते रौतहटको गौरस्थित राइस मिल चौरमा भएको हत्याकाण्डको पुन: अनुसन्धान गर्न रौतहट प्रहरीले छानबिन अघि बढाउन परमादेश दिएको थियो ।

उक्त झडपमा तत्कालीन मधेसी जनअधिकार फोरम र नेकपा माओवादीबीचको द्वन्द्वका क्रममा २७ जनाको मृत्यु भएको थियो । घटना त्यसयता निरन्तर रूपमा राजनीतिक विवादको केन्द्रमा रहँदै आएको छ । जसपाले अध्यक्ष यादवविरुद्ध मुद्दा दायर हुनु लोकतन्त्र र न्यायपालिका माथिको हस्तक्षेप भएको भन्दै आगामी दिनमा अझ कडा र सशक्त आन्दोलन गर्ने चेतावनी दिएको छ ।

# लागू औषध ब्राउन सुगर सहित एक जना महिला पक्राउ

***शु.आ. सम्बाददाता***
***कलैया, ०३ भाद्र***

लागू औषध ब्राउन सुगर सहित एक जना महिलालाई बारा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा फेटा गाउँपालिका वडा नम्बर १ त्रिवेणीटोल बस्ने अन्दाजी ४० की पार्वती महतो रहेकी छिन । महतोले लागि औषध बेच बिखन गरीरहेको बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय प्रसौनी बारा बाट प्रहरी नायब निरीक्षक रामकिशुन यादवको कमाण्डमा खटि गएको प्रहरी टोली पक्राउ छ ।

प्रहरी टोलिले महतोले घर खनतलासी गर्दा कपडाको झोला भित्र रहेको प्लाष्टिकको सानो बट्टा भित्र प्लाष्टिकको सानो सानो पुरियामा बनाई लुकाई छिपाई राखेको अवस्थामा लागू औषध ब्राउन सुगर जस्तो देखिने पदार्थ १० ग्राम १६० मिलिग्राम वरामद गरी





उक्त महिलालाई समेत पक्राउ भईरहेको जानकारी प्रबक्ता एबम् प्रहरी नायव उपरीक्षक विजयराज पण्डितले दिएका छन् ।

# गौर हत्याकाण्ड प्रकरण : उपेन्द्र यादवमाथि अनुसन्धानको आदेशपछि कलैयामा दोस्रो दिन पनि प्रदर्शन

***शु.आ. सम्बाददाता***
***कलैया , ०३ भाद्र***

सर्वोच्च अदालतले गौर हत्याकाण्डमा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवमाथि पनि अनुसन्धान गर्न आदेश दिएको निर्णय सार्वजनिक भएपछि बाराको सदरमुकाम कलैयामा दोस्रो दिन मँगलबार पनि टायर बालेर नाराबाजी सहित विरोध प्रदर्शन भएको छ ।

जसपा नेपाल बाराको अध्यक्ष एवम् पचरौता नगरपालिकाले निबर्तमान नगरप्रमुख रमेश कुमार यादव नेतृत्वमा जसपाका कार्यकर्ताहरुले दोस्रो दिन मँगलबार बेलुका कलैयाको भरत चौकमा टायर बालेर प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीले सर्वोच्चको आदेशको विरोध गर्दै चर्को नारा समेत लगाएका थिए ।



प्रहरीले बालिएको टायरको आगो निभाउन खोज्दा प्रदर्शनकारी र प्रहरी बिच झडपको स्थिति सिर्जना भएपनि शान्तिपुर्ण तरिकाले आन्दोलन सफल भएको छ । आन्दोलनको कोणसभामा बारा क्षेत्र नम्बर ३ को निबर्तमान प्रतिनिधि सभा सदस्य रामबाबु यादव लगायतका नेतागणले सम्बोधन गरेका छन् । भने आन्दोलनलाई समापन गर्दै अध्यक्ष यादवले भुमि अध्यादेश जसपा पार्टीलाई स्विकार नभएकोले षड्यन्त्र पुर्व फसाउन खोजिएको आरोप लगाएका छन् । सर्वोच्चले आफ्नो फैसलाको पुर्नविचार नगरेमा मधेसी जनता मधेश आन्दोलन जस्तो आन्दोलन उत्रिने चेतावनी दिएका छन ।

# जगरनाथपुर र जिराभवानी गापाद्वारा नारायणी अस्पताललाई ६ वटा एसी हस्तान्तरण

***राजन कुमार बानिया***
***पर्सा , ०३ भाद्र***

पर्साका दुई स्थानीय तह, जगरनाथपुर र जीराभवानी गाउँपालिकाले वीरगंज स्थित नारायणी अस्पताललाई ६ वटा एलजी ब्रान्डका वातानुकूलित (एसी) प्रदान गरेको छ ।

जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त प्रसाद यादव र जीराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरीले आ-आफ्नो पालिकाबाट ३/३ वटा एसी उपलब्ध गराई मंगलबार अस्पतालमै पुगेर मेडिकल सुपरिन्टेन्डेन्ट डा. चुमनलाल दासलाई औपचारिक रूपमा हस्तान्तरण गरेका छन् ।

अस्पताल विकास समितिका अध्यक्ष धीरजकुमार गुप्ताका अनुसार प्राप्त एसीहरू अस्पतालको ४० शैयाको मेडिकल वार्डमा जडान गरिनेछ । हालसम्म सो वार्डमा केवल पंखाको भरमा बिरामीको उपचार हुँदै आएको थियो । गर्मीको समयमा बिरामीहरूलाई हुने असहजतालाई



ध्यानमा राखी एसी जडान गर्ने निर्णय लिइएको हो ।

यसक्रममा सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले पनि थप ३ वटा एसी सहयोग गर्ने घोषणा गरेका छन्, जसलाई चाँडै अन्य आवश्यक वार्डहरूमा जडान गरिनेछ ।

अस्पताल प्रशासनले एसी जडानपछि विशेषगरी गर्मीले प्रभावित बिरामीहरूको उपचार सहज हुने र अस्पतालको सेवा गुणस्तरमा सकारात्मक सुधार आउने विश्वास व्यक्त गरेको छ ।

# वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र प्रदूषण न्यूनीकरणमा योगदान दिन जनमत पार्टी पर्सा द्वारा नगवामा बिरूवा बितरण

***बीरगंज, ०३ भाद्र***

वीरगंज महानगरपालिका-१६ नगवामा मँगलबार विभिन्न प्रजातिका बिरुवा वितरण तथा रुख-बिरुवा संरक्षण गर्न समुदायलाई उत्प्रेरित गर्ने उद्देश्यले विशेष अभियानको शुभारम्भ गरिएको छ ।

यस अभियान अन्तर्गत स्थानीय बासिन्दाहरूलाई आवश्यकता अनुसारका फलफूल, छायाँ दिने तथा औषधीय गुणयुक्त बिरुवाहरू निशुल्क वितरण गरिएको छ । कार्यक्रममार्फत वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र प्रदूषण न्यूनीकरणमा योगदान पुऱ्याउने लक्ष्य लिइएको वडा कार्यालयले जानकारी दिएको छ ।

जनमत पार्टीका पर्सा अध्यक्ष एवं युवा नेता ओम प्रकाश सरार्फले स्थानीयलाई बिरुवा बितरण गर्दै अभियानको शुभारम्भ गरे। उहाँले वातावरणीय सन्तुलन कायम राख्न रुख बिरुवा रोप्न मात्र नभई त्यसको संरक्षणमा पनि सबैले जिम्मेवारीपूर्वक भूमिका खेल्नुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा सहभागीहरू मध्ये धेरैले आफ्ना घर आँगन, विद्यालय, मठ-मन्दिर तथा सार्वजनिक स्थानमा बिरुवा रोप्ने प्रतिबद्धता जनाएका छन् । साथै, वडा नं. १६ कार्यालय परिसरमै समेत आवश्यक पर्ने नागरिकले लिन



सक्ने गरी विभिन्न किसिमका बिरुवा राखिएको छ ।

उक्त कार्यक्रममा वन पैदावर आपूर्ति समितिका अध्यक्ष श्याम शंकर चौरसिया, जनमतका केन्द्रिय सदस्य बिध्यालाल प्रसाद, क्षेत्र नम्बर -१(ख) संयोजक डा. मनोज सरार्फ,प्रदेश सदस्य शिव यादव जिल्ला सदस्य सहनवाज राकी,युवा वरिष्ठ उपाध्यक्ष धिरेन्द्र पन्जियार, कोषाध्यक्ष सिकेन्द्र राम, महानगर युवा संयोजक संजय सिह, महानगर सचीव लोकेश कर्ण ,युवा नेता संजय सरार्फ लगायतको सहभागीता रहेको थियो।

यस अभियानले वीरगन्जवासीमा हरियाली संरक्षणप्रति सचेतना बढाउने र भविष्यमा स्वस्थ वातावरण निर्माणमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

वन डिभिजन कार्यालय पर्साबाट उपलब्ध गराइएको बिरुवा समुदायको घरदैलो मै पुर्याई घर घर टोल टोललाई हराभरा बनाउने उदेश्य राखिएको अध्यक्ष सरार्फले बताएका छन्।

# ठोरीका उच्च मा वि मा कार्यरत शिक्षकहरूद्वारा पालिका प्रमुख र इकाई प्रमुखलाई बुझाईयो ध्यानाकर्षण पत्र

***हरिकिशोर शर्मा ,***
***पर्सा, ०३ भाद्र***

ठोरी गाउँपालिका भित्रका साविक उच्च मा वि मा कार्यरत शिक्षकहरुद्वारा आज ठोरी गाउँ पालिका प्रमुख लालबहादुर श्रेष्ठ तथा शिक्षा विकास तथा समन्वय इकाई पर्साका प्रमुख हरी राउत लाई आफ्नो माग सहितको छुट्टाछुट्टै ध्यानाकर्षण पत्र बुझाएका छन् । शिक्षकहरु ठोरी गाउँपालिका पुगी ६ बुँदे ध्यानाकर्षण पत्र बुझाइएको हो । माध्यमिक शिक्षक युनियन हिस्टुन ठोरीका अध्यक्ष लक्ष्मण बखतीको हस्ताक्षर रहेको उक्त पत्रमा साविक उच्च मा वि को दरबन्दीमा कार्यरत शिक्षकहरुलाई बिभाजन गर्न नपाइने ,सेवा निरन्तरता सहित सामाजिक सुरक्षाकोषको ग्यारेन्टी गरिनु पर्ने, मा वि द्वितीय कायम हुनुपर्ने , गत बैशाखमा नेपाल शिक्षक महासंघसँग गरिएको सम्झौता अनुसारको विद्यालय

बाँकी तेश्रो पृष्ठमा





समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा